# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १५ गते २०४१ साल

श्री ५ को सरकार

### शिक्षा तथा संस्कृति मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा १७ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी काठमाडौं नगर पञ्चायत वार्ड नं. २५ "घ" महादेवस्थान क्षेत्रको निम्नबमोजिम चार किल्लाभित्र पर्ने कित्ता नं. ३३, ३४ र ३५ को क्षेत्रलाई पुरातात्विक उत्खनन् कार्यको प्रयोजनको निमित्त तीन वर्षको लागि सुरक्षित स्थान तोकेकोले यो सूचना प्रकाशित गरिएको छ।

पूर्व– कित्ता नं. २७३,२१२ र ३६६ को सीमाना।
पश्चिम– कुलो।
उत्तर– कित्ता नं. ३२ र २६ को सीमाना।
दक्षिण– कित्ता नं. ४२५ र ३७ को सीमाना।

आज्ञाले,
डा. नरसिंह नारायण सिंह
श्री ५ को सरकारको सचिव



३८८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।